# निर्वाचन आयोग, नेपाल

# निर्वाचन आचारसंहिता अनुगमन अधिकृत

## प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

## काभ्रेपलाञ्चोक

निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

**राजनीतिक दल, उम्मेदवार, दलका भातृ संगठन, पत्रकार, नागरिक समाज र आम सर्वसाधारण नागरिकको हकमा निर्वाचन आचारसंहिता, २०८२ पालना गर्ने,गराउने सम्बन्धमा निर्वाचन आचारसंहिता अनुगमन अधिकृतद्वारा जारी गरिएको सूचना।**

सम्वत् २०८२ फाल्गुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचन,२०८२ लाई स्वच्छ, निष्पक्ष,पारदर्शी एवं विश्वासनीय रुपमा सम्पन्न गर्न निर्वाचन आयोगबाट मिति २०८२/०९/१२ गते निर्वाचन आचार संहिता,२०८२ स्वीकृत भई कार्यान्वयनमा रहेको व्यहोरा सर्व-विधितै छ। निर्वाचन आचार संहिता,२०८२ को दफा ३ मा यो आचारसंहिता लागू हुने व्यक्ति,संघ,संस्था, निकाय तथा अधिकारीहरुका सम्बन्धमा व्यवस्था छ । परिच्छेद-२ को दफा ४ मा सबैले पालना गर्नुपर्ने आचरण सम्बन्धमा व्यवस्था छ। परिच्छेद ३ को दफा ५ देखि १२ सम्म नेपाल सरकार, प्रदेश सरकार, मन्त्री तथा स्थानीय कार्यपालिका तथा सोको पदाधिकारीले, संवैधानिक निकाय तथा सोको पदाधिकारीले, नेपाल सरकार,प्रदेश सरकार र स्थानीय तह अन्तर्गतका निकायले, अर्धसरकारी तथा सार्वजनिक संस्था र सोमा कार्यरत कर्मचारीले, सुरक्षा निकाय,सुरक्षाकर्मी तथा सुरक्षा सम्बद्ध कर्मचारीले, निर्वाचनको काममा संलग्न कर्मचारीले, विद्यालय,महाविद्यालय वा विश्वविद्यालय तथा सोमा सम्बद्ध कर्मचारीले , सरकारी वा अर्ध सरकारी निकायबाट सञ्चालित परियोजना, विकास समिति तथा सोका कर्मचारीले,गैरसरकारी संस्था वा विकास साझेदार संस्था, सम्बद्ध पदाधिकारी तथा कर्मचारीले पालना गर्नुपर्ने आचरण सम्बन्धी व्यवस्था रहेको छ । परिच्छेद ४ को दफा १३ देखि २० सम्म राजनीतिक दल,उम्मेदवार,दलको भात्र संगठन तथा सम्बन्धित व्यक्तिले जुलुस, आमसभा,कोण सभा , बैठक वा भेला गर्दा, सवारी साधन प्रयोग गर्दा, संचार माध्यमको प्रयोग गर्दा, निर्वाचन खर्च सम्बन्धी, मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म पालना गर्नुपर्ने विशेष आचरण, मतदानको दिन पालना गर्नुपर्ने, सम्पत्ति विवरण पेश गर्नुपर्ने, वैयक्तिक विवरण पेश गर्नुपर्ने विषयमा आचरणहरु उल्लेख छ । उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि मतदान हुने दिन भन्दा ४८ घण्टा अघिसम्म मात्र निर्वाचन प्रचार प्रसार सम्बन्धी देहायको काम गर्न सक्ने छ।

१.जुलुस,आमसभा वा कोणसभा गर्न,

२. सञ्चार माध्यममा कुनै प्रकारको प्रचार प्रसार सामग्री प्रकाशन वा प्रशारण गर्न,

३. निर्वाचन प्रचार प्रसारको लागि घरदैलो कार्यक्रम गर्न ।

परिच्छेद ५ को दफा २१ देखि २४ सम्म मतदाता र मतदान तथा मतगणना प्रतिनिधिले गर्नुपर्ने आचरण उल्लेख गरिएको छ। परिच्छेद ६ मा पर्यवेक्षण संस्था तथा पर्यवेक्षकले पालना गर्नुपर्ने आचरण सम्बन्धी व्यवस्था छ। परिच्छेद ७ मा सञ्चार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले पालना गर्नुपर्ने आचरण सम्बन्धी व्यवस्था गरिएको छ। यसरी निर्वाचन आचार संहिता,२०८२ मा उल्लेखित आ-आफ्नो क्षेत्रका आचारसंहिताहरू वस्तुनिष्ठ रुपमा पालना गर्नु गराउनु हुन सम्बद्ध सबैमा अनुरोध छ । सो सन्दर्भमा निर्वाचन आयोग आचार संहिता,२०८२ को परिच्छेद ८ मा रहेको निर्वाचन आचार संहिता अनुगमन सम्बन्धी व्यवस्था बमोजिम अनुगमन कार्य निरन्तर रुपमा भइरहेको छ। आचार संहिता लागू हुने व्यक्ति,संस्था निकाय तथा अधिकारीहरूले आचारसंहिताको पालना नगरेको खण्डमा कानुन बमोजिम आचार संहिताको अवधि समाप्त भए पश्चात समेत कारबाही हुने व्यहोरा अवगत गराइन्छ। यदि कोही कसैले आचार संहिता उल्लङ्घन गरेको अवस्थामा सोको प्रमाण सहित निर्वाचन आयोग/मुख्य निर्वाचन अधिकृतको कार्यालय/निर्वाचन अधिकृतको कार्यालय/जिल्ला निर्वाचन कार्यालय वा आचारसंहिता अनुगमन अधिकृतलाई तुरुन्त जानकारी गराउनु हुन समेत अनुरोध छ।

नोट-निर्वाचन आचारसंहिता,२०८२ निर्वाचन आयोगको वेबसाइट https://election.gov.np/np/page/nirdeshika-hor मा वा नेपाल राजपत्र मार्फत प्राप्त गर्न सक्नुहुनेछ।

मिति २०८२/१०/१८ गते

(रुद्र कोइराला)
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत

(भोलानाथ गुरागाई)
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत